नेपाली कांग्रेस

# 'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका - ०८१'

नेपाली कांग्रेसका तर्फबाट संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्नु हुने साथीहरूले आफ्नो योग्यता र क्षमताले सम्भव कार्यसम्पादन गर्दै आउनु भएको छ । आगामी दिनमा अझ प्रभावकारी भुमिका निभाउन सहज होस् भन्ने उद्देश्यले 'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका - ०८१' निर्माण गरिएको छ । आम नागरिकको भावना सम्बोधन गर्दै सम्पूर्ण उर्जाका साथ कार्य गरेर आफ्नो जिम्मेवारी व्यवस्थित रूपले निभाउन यो निर्देशिकाले सघाउने विश्वास लिइएको छ ।

(क) नाम - नेपाली कांग्रेस 'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका – ०८१'
(ख) उद्देश्य - जनप्रतिनिधिको कार्यसम्पादन जनमुखी र थप प्रभावकारी बनाउने ।
(ग) कर्तव्य - यो निर्देशिका पालना र कार्यान्वयन गर्नु सम्बन्धित सबैको अनिवार्य कर्तब्य र बिशेष दायित्व हुनेछ ।
(घ) प्रस्टीकरण - जनप्रतिनिधिहरुले संविधान, कानुन र सम्बन्धित तहको निर्णय अनुरूप कार्य गर्ने हो, यो निर्देशिकाले ती कार्यलाई सम्पादन गरिरहँदा सहजीकरण अभिप्रेरणाको कार्य मात्रै गर्नेछ ।
(ङ) कार्यान्वयन - केन्द्रीय कार्यसमितिको बैठकले पारित गरेपछि ।

नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधित्व गर्नु हुने जनप्रतिनिधिहरूको भुमिका र व्यवहारलाई हेरेर नागरिकले कांग्रेसका प्रति दृष्टिकोण निर्माण गर्दछन् । अतः हाम्रा प्रतिनिधिहरूको कार्यसम्पादन प्रतिस्पर्धी, पारदर्शी, परिपक्व र सबल हुन जरुरी छ । सम्बन्धित तहको सफलतालाई यसले एकातर्फ सुनिश्चित गर्नेछ भने अर्कातर्फ लोकतान्त्रिक पद्धतिप्रति नागरिक विश्वास गाँस्न मद्दत पुऱ्याउने छ ।

(१) तीन वटै तहका जनप्रतिनिधिहरूले सपथ ग्रहण गरेको मितिले एक महिनाभित्र आ-आफ्नो क्षेत्राधिकार केन्द्रित कार्ययोजना आफू सम्वद्ध कांग्रेस कार्यसमितिलाई सुसूचित गर्नेछन् ।
(२) सम्वद्ध कार्यसमिति समेतको सुझाव सम्मिलित कार्ययोजना नागरिक पंक्ति समक्ष प्रतिबद्धताका रुपमा प्रस्तुत गर्नेछन् ।
(३) तीन वटै तहका जनप्रतिनिधिले देशको मुल कानुन संविधानले निर्दिष्ट गरेका अधिकारको दायरामा रहेर कार्य गर्नेछन् ।
(४) अधिकारको प्रयोग गरिरहँदा सो अधिकारले विन्यास गरेको कर्तव्यलाई जनप्रतिनिधिले पूर्ण आत्मसात गर्नेछन् ।
(५) संघ र प्रदेश दुबै तहका सदस्य आ-आफ्नो संसदीय निर्वाचन क्षेत्रको प्रत्येक पालिकामा स्थानीय जनसम्पर्क हुने गरि दुई महिनामा कम्तिमा एकपटक अनिवार्य पुग्नेछन् ।
(६) आफुलाई निर्वाचित गराउने भूगोलका मतदाताको भावना र विश्वासलाई सदैव केन्द्रमा राखेर तीन वटै तहका जनप्रतिनिधिले कार्यसम्पादन गर्नेछन् ।
(७) कार्यसम्पादन गरिरहँदा आफुसँग असहमत या फरक विचार राख्ने मतदाता, अन्य पार्टीमा रहेका व्यक्ति या आफ्नै पार्टीका कोहि प्रति पनि फरक व्यवहार गर्ने छैनन् ।
(८) आफ्नो पदले निर्दिष्ट गरेको काममा भन्दा सार्वजनिक कार्यक्रम या व्यक्तिगत काममा बढी लाग्ने गरेको भनेर आलोचनाको अवस्था आउन नदिन तदनुरुप सजगता राख्नेछन् ।
(९) तर आफ्नो परिवारलाई दिने समय र निर्वाह गर्नु पर्ने कर्तव्यमा कुनै सम्झौता गर्ने छैनन् ।
(१०) आफ्नो जिम्मेवारीको क्षेत्रमा कोहि पनि नागरिकको परिवारमा पर्ने दुःख, पीडा र विपत्तिको घडीमा अत्यावश्यक साथको मानवीय कर्तव्य पूर्ण कृयाशिलता साथ निभाउने छन् ।
(११) आफ्नो पदिय जिम्मेवारीको क्षेत्रमा पर्ने भुगोलभित्र समन्यायिक विकासका लागि पहल गर्नेछन्, तर बजेट बिनियोजन गरिरहँदा अर्घेल्याई नगर्न र गर्न नदिन जिम्मेवार ढंगले गाम्भिर्यता राख्नेछन् ।
(१२) विकास निर्माणका कार्यमा हुने गरेका ढिलासुस्ती अन्त्य गर्न/गराउन आफ्नो जिम्मेवारीको क्षेत्रमा अत्यावश्यक पहल, सुझाव र सहजीकरणको भुमिका निभाउने छन् ।
(१३) संघ एवं प्रदेशका मन्त्री र स्थानीय तहका प्रमुखले बिषय बिज्ञहरुसँग नियमित रुपले आवश्यक परामर्श गर्नेछन् । परामर्शको दायरा सदैव फराकिलो राख्नेछन् । यसमा सम्बद्ध पार्टी तहले आवश्यक सहजीकरण गर्नेनैछ ।

(१४) मिडिया या हरेक नागरिकको सूचनाको हक कदर गर्दै कानुनतः मिल्ने सूचना र प्रस्टीकरण अनिवार्यसँग राख्नेछन् ।

(१५) आफ्ना बारेमा उब्जिएका प्रश्न या प्रकाशित समाचारलाई लिएर तिक्त प्रतिक्रिया नजनाई संयमले सम्बोधन गर्नेछन् । मिडिया मैत्री व्यवहार अनिवार्य पालना गर्नेछन् । समाचार विवरण गलत छ भने खण्डन या कार्वाही सम्बन्धि स्थापित विधि पछ्याउने छन् ।

(१६) फजुल खर्च, भ्रष्टाचार, अनियमितता, अपारदर्शीता, जवाफदेहिविहिनता जस्ता बेथितिमा आफू सरिक नहुन र आफ्नो पदिय जिम्मेवारीको क्षेत्रमा त्यो हुन नदिन तिनै तहका जनप्रतिनिधिले सम्पूर्ण गम्भीरता राख्नेछन् ।

(१७) सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था पालना गर्दै अनिवार्य, नियमित र निर्धारित समयमै विवरण सार्वजनिक गर्नेछन् ।

(१८) कुनै पनि प्रकृतिको सामाजिक विसंगति (जातीय विभेद, बाल श्रम, घरेलु हिंसा आदि) मा आफू सरिक हुने छैनन् र आफ्नो जिम्मेवारीको क्षेत्रमा त्यस्तो कुनै विसंगति अस्तित्वमा छ भने त्यसलाई अन्त्य गर्न बिशेष कृयाशिलता राख्नेछन् । त्यहाँका जनप्रतिनिधिको प्रधान सामाजिक दायित्व हुनेछ ।

(१९) आफू कार्यरत क्षेत्रमा या आफ्नो सम्पर्क क्षेत्रमा रहेका कर्मचारी, सुरक्षाकर्मी या अन्य आवद्धको कार्यकुशला बढाउन प्रेरणा भर्नेछन् । कर्मचारीको मनोबललाई असर गर्ने कुनै पनि काम आफ्नो व्यवहारमा हुनदिने छैनन् ।

(२०) समय व्यवस्थापनमा गम्भीर हेक्का राख्नेछन् । पदिय जिम्मेवारीको काम, सार्वजनिक भेटघाट, सार्वजनिक कार्यक्रम, पार्टी समन्वय, परिवार व्यवस्थापनदेखि व्यक्तिगत स्वास्थ सतर्कतासम्मका लागि समय व्यवस्थापन कुशलतापूर्वक गरेर सदैब शान्त एवं संयमित शैली अख्तियार गर्नेछन् ।

(२१) आफू निर्वाचित रहेको तहमा, आफ्नो निर्णयबाट, आफ्नो परिवारका कोहि सदस्यलाई नियुक्ति गरिएको भन्ने आलोचित हुने कार्य गर्ने छैनन् ।

(२२) आफू आवद्ध तहको पार्टी कार्यालय महिनामा १ पटक अनिवार्य पुग्नेछन् । त्यसरी पुगेको समयमा पार्टी नेतृत्वसँगको समन्वयमा पूर्व सूचना साथ पार्टीका साथीहरूबाट सुझाव, सल्लाह एवं कमि-कमजोरीको विवरण लिनेछन् ।

(२३) कुनै पनि प्रदेश, जिल्ला, क्षेत्र, प्रदेश निर्वाचन क्षेत्र, पालिका या वडामा पदिय जिम्मेवारी अन्तर्गत पुगिरहँदा सो तहको पार्टी समितिको नेतृत्वलाई पुर्व सूचना अनिवार्य दिनेछन् ।

(२४) आफ्नो पदिय जिम्मेवारी बमोजिमका कार्यमा गरिएका प्रगतिको विवरण प्रत्येक दुई महिनामा आफू आवद्ध तहको कार्यालयलाई बुझाउने छन् र तत्पश्चात नागरिक पंक्तिलाई सुसूचित गर्नेछन् ।

(२५) संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले नागरिकको काम सम्पादन गरिरहँदा आपसमा समन्वय गर्नेछन् । यसका लागि प्रदेश, जिल्ला र संघीय निर्वाचन क्षेत्रीय समितिहरुले आवश्यकता अनुरुप छलफल आयोजना गर्नेछन् ।

(२६) कांग्रेसको नेतृत्वमा रहेका केहि स्थानीय तहमा नियमित अडिट नभएको तथा कयौंमा लाखौं रुपैयाँको बेरुजु पाइएको वास्तविकता अन्त्य गर्न र यस्तो स्थिति आगामी दिनमा आउन नदिन आर्थिक सुशासनमा तत्तत् तहको नेतृत्वले गम्भीरता राख्नेछन् ।

(२७) सरकारमा रहँदा होस् या प्रतिपक्षमा रहँदा दुबै स्थितिमा संघ र प्रदेशसभा सदस्यहरूले नागरिकका मुद्दालाई नियमित रूपले संसदमा उठाउने छन् । बिज्ञ परामर्श, अध्ययन र आपसी संवादबाट आफ्नो प्रस्तुतिलाई थप परिपक्व बनाउने छन् । गुण र दोषको आधारमा सरकारको समर्थन र आलोचना गर्ने पार्टी नीति मर्यादित रूपले गर्नेछन् ।

(२८) अनुसरण निर्वाचनमा पार्टीले जारी गर्ने घोषणा पत्रको सम्भव हदसम्म कार्यान्वयनमा जनप्रतिनिधिले बिशेष भुमिका निभाउनेछन् । गठबन्धन भएको अवस्थामा न्युनतम साझा कार्यक्रमलाई कार्यान्वयनमा ध्यान केन्द्रित गर्नेछन् ।

(२९) 'काम गर्ने तर गरेको काम प्रचार गर्न नसक्ने' भनेर पार्टीको स्थापित छवि चिर्दै पार्टी र जनप्रतिनिधि बिच 'समन्वय संयन्त्र' मार्फत प्रचार कार्यलाई चुस्त बनाउने छन् । यस्तो संयन्त्र निर्माणमा सम्बद्ध पार्टी तहको नेतृत्वले अविलम्ब तदारुकता राख्नेछ ।

'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका - ०८१' को अवलम्बनबाट नेपाली कांग्रेसका जनप्रतिनिधिहरूको कार्यसम्पादन थप व्यवस्थित, थप परिपक्व र थप प्रखर हुने विश्वास लिइएको छ ।

****